नेपाल सरकार
अर्थ मन्त्रालय,
<u>प्रेस विज्ञप्ती</u>

अर्थ व्यवस्थाको समग्र पक्षको अध्ययन एवं विश्लेषण गरी सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गर्नुपर्ने राजस्व नीति निर्माण तथा वित्तीय सुधार, करसम्बन्धी कानूनहरुमा गर्नुपर्ने सुधार, करका दरहरुमा पुनरावलोकन, कर प्रणालीमा सुधार, करको दायरा विस्तार, राजस्व प्रशासनको संगठनात्मक संरचना सुधार लगायतका विषहरुमा सुझाव पेश गर्नेगरी निजी क्षेत्रको समेत सहभागितामा सरकार र निजी क्षेत्रबीच नीति संवाद संयन्त्रको रुपमा रहेको राजस्व परामर्श समितिको बैठक समितिका संयोजक तथा सचिव (राजस्व) श्री लाल शंकर घिमिरेज्यूको सभापतित्वमा अर्थ मन्त्रालय, सिंहदरबारमा सम्पन्न भयो ।

१५ सदस्यीय समितिमा सरकारी तथा निजी क्षेत्रका विभिन्न निकायका प्रतिनिधिहरु रहने व्यवस्था छ । समितिको आजको बैठकले विभिन्न १० वटा विषयगत उप-समितिहरु गठन गरी तिनको कार्य-विवरण र मार्गनिर्देशन समेत निर्धारण गरेको छ । साथै, सातैवटा प्रदेशका राजधानीहरुमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम समेत आयोजना गर्ने प्रस्ताव गरेको छ ।

बैठकमा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल राष्ट्रिय उद्योग व्यापार संगठन, नेपाल समुद्रपार निकासी पैठारी संघका प्रतिनिधिहरु तथा विज्ञ सदस्यहरु डा. श्री चन्द्रमणि अधिकारी र मदनकृष्ण शर्मा लगायत विभिन्न सरकारी निकायका प्रतिनिधिहरुले आ-आफ्नो धारणा राखुभयो ।

समितिका संयोजक श्री लाल शंकर घिमिरेले उप-समितिहरुले प्रतिवेदन पेश गर्दा सुझावहरुलाई तात्कालिक, मध्यकालीन र दीर्घकालीन ढाँचामा प्रस्तुत तर्न र सुझाव कार्यान्वयनको खाका समेत सिफारिस गर्न निर्देशन दिनुभयो ।

अर्थ मन्त्रालय, सिंहदबार
२०७५/११/१९